# बन्दिपुर गाउँपालिका

# बन्दिपुर राजपत्र

बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्या:०४ मिति:२०८१/०५/११

भाग २

## बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## प्लास्टिक टनेल अनुदान कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

**प्रस्तावनाः** बन्दीपुर गाउँपालिकामा तरकारी खेति व्यवसायको निमित्त प्रचुर सम्भावनालाई उपयोग गर्दै यस पालिका वासीहरुको मात्र नभई सिंगो देशको लागि अर्थतन्त्र धान्ने बलियो आधारको खबको रुपमा तरकारी खेतीलाई व्यवसायिक रुपमा अगाली यहाको स्थानीय बासिहरुलाई स्थानीय सरकार संचालन ऐन अनुसार तोकिएका सुबिधा सुनिश्चित गर्न तथा उत्पादनको क्षेत्रको विस्तार गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनका लागि "बन्दीपुर गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८" को दफा ६७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "तरकारी खेति प्रवर्धनका लागि प्लास्टिक टनेल अनुदान कार्यक्रम कार्यविधि २०८१" रहने छ ।

(२) यो कार्यविधि बन्दीपुर गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यक्रम"** भन्नाले तरकारी खेति प्रवर्धन र व्यावसायिकरणका लागि कृषकहरुबाट माग भइ आएका प्लास्टिक टनेल सम्बन्धि उन्नत प्रविधि र आवश्यक सामग्री सहितको कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

(ख) **"तरकारी खेति "** भन्नाले बेर्ना उत्पादन तथा तरकारी खेति सँग सम्बन्धित व्यवसायका लागि आपनाईने भिन्न क्रियाकलापहरुलाई बुझाउँदछ ।

(ग) **"थोपा सिंचाई"** भन्नाले कम मात्रामा पानीको प्रयोग गर्दै धेरै बिरुवालाई तथा कम पानीको प्रयोगले धेरै क्षेत्रफ़लमा सिंचाई सुविधा प्रदान गर्न सकिने नयाँ प्रविधि युक्त विरूवाको जरामा सिधै पानी दिइने जलवायु सिंचाइ प्रणाली भन्ने बुझ्नु पर्छ ।

(घ) **"प्लास्टिक टनेल"** भन्नाले सिल्पवलिन प्लास्टिक ९०-१२० जी.एस.एमको लाई सम्झनु पर्छ।

(ङ) **"कार्यालय/गाउँपालिका"** भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्ने छ ।

(च) **शाखा"** भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(छ) **"कार्यविधि"** भन्नाले "बन्दीपुर गाउँपालिका मौरी प्रवर्धन कार्यक्रम कर्यविधी २०७९" सम्झनुपर्नेछ।

(ज) **“आवेदक"** भन्नाले बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम सम्बन्धि सञ्चालन गर्न आवेदन दिएका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा जल उपभोक्ता समितिलाई सम्झनु पर्नेछ।

(झ)) **"प्राविधिक "** भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत खट्ने कर्मचारी हरु सम्झनुपर्नेछ ।

(ञ) **"वडाहरु "** भन्नाले बन्दीपुर गाउँपालिकाका ६ वटै वडा सम्झनु पर्दछ।

(ट) **"प्रमुख"** भन्नाले बन्दीपुर गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

(ठ) **"उपप्रमुख "** भन्नाले बन्दीपुर गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ड) **"अनुगमन समिति"** भन्नाले बन्दीपुर गाउँपालिकाको गठित अनुगमन समिति सम्झनु पर्दछ ।

**३.उद्देश्यहरु** : यस कयाविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।

(क) तरकारि खेतिको उत्पादन र उत्पादकत्वमा वृदि गर्ने ।

(ख) तरकारी खेति व्यवसायलाई आधुनिकीकारण र व्यावासयिकीकारणमा सहयोग गर्ने ।

(ग) तरकारी खेतीको विशिस्टकृत क्षेत्रको निर्माण गरि बन्दीपुर गाउँपालिका भित्रको मागलाई पुरा गर्दै अन्यत्र पनि निर्यात गर्ने ।

(घ) युवाहरुका लागि स्वदेशमानै रोजगारीको अवसरहरु श्रृजना गर्ने ।

**४.कार्यक्रम संचालन प्रक्रिया**

**(१)सूचना प्रवाहः** बन्दिपुर गाउँपालिका भित्रका कृषि पेशामा संलग्न कृषक समूह/कृषि सहकरी/फर्म/कम्पनि/कृषि उद्यमी तथा कृषकहरुलाई सहभागीको लागि बन्दिपुर गाउँपालिकाले अनुसूची १ बमोजिम १५ दिनको सार्वजनिक सूचना प्रकासित गरि प्रस्ताव आव्हान गर्ने छ ।

(२)अनुदान माग गर्ने कृषक समूह/कृषि सहकरी/फर्म/कम्पनि/कृषि उद्यमी तथा कृषकहरुले अनुसूची २ मा बमोजिमको निवेदन कृषि विकास शाखालाई पेश गरि आवेदन दर्ता गराउनु पर्ने छ ।

(३) सुचनाको मिति समाप्त भए पश्चात कृषि विकास शाखाले पेश भएका आवेदनहरुलाई EXCELL SHEET मा विवरण भरि अनुसूची ३ अनुसारमा उल्लेखित मापदण्ड अनुसार मुल्याङ्कन गर्ने छ ।

(४) **छनौट प्रक्रिया :** पेश भएका आवेदकहरुलाई अनुसूची ३ अनुसारको मपदण्डमा प्राप्त प्राप्तांक अनुसार शाखाले छनौटका लागि कार्यपालिकामा विषयगत समिति अथवा बन्दिपुर गाउँपालिकामा गठित अनुदान सिफारीस समिति समक्ष सिफारिस गर्ने छ ।

(५) छनौटमा परेका कृषक समूह/कृषि सहकरी/फर्म/कम्पनि/कृषि उद्यमी तथा कृषकहरुलाई अनुसूची ४ अनुसार सम्झौताका लागि ७ दिने सूचना प्रकासन गरि अनुसूची ५ अनुसार दुई पक्ष ( बन्दिपुर गाउँपालिका र अनुदान ग्राहीविच) सम्झौता गरिने छ ।

**५.अनुदान सिमाः**

**(१)** बन्दिपुर गाउँपालिका द्वारा विनियोजित बजेटका आधारमा छनौटमा परेका कृषक समूह/कृषि सहकरी/फर्म/कम्पनि/कृषि उद्यमी तथा कृषकहरुलाई प्लास्टिक टनेल (९० देखि १२० जी.स.म) तथा थोपा सिंचाईका लागि पाइपमा ५०% सम्म प्रतिशत अनुदान दिन सक्ने छ ।

(२) प्राविधिक खरिद कार्य गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार रहने छ ।

**६.अनुदान वितरण :** अनुसूची ५ मा उल्लेख भएका सर्त पुरा गरे पछि मात्रै गाउँपालिकाको खरिद समिति बाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सामग्री खरिद गरि शाखाले वितरण गर्ने छ ।

## परिच्छेद-३
## विविध

**७.कार्यक्रम व्यवस्थापन अनुगमन तथा निरिक्षण :**अनुदानको सामग्री वितरण गर्नु अघि र वितरण गरिसके पछि पुःन बन्दिपुर गाउँपालिका कृषि शाखाले वा अनुदान सिफारिस तथा अनुगमन समिति ले अनुसूची ६ को चेक लिस्ट अनुसार अनुगमन गरिने छ ।

**८.कारबाहीको व्यवस्था :**कार्यक्रममा छनौट भएका अनुदान ग्रहिले अनुसूची ५ बमोजिम सम्झौता अनुसार कार्य सम्पन्न नगरे वा प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने छ ।

**९.संसोधन वा हेरफेर :** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन वा हेरफेर गर्न सक्नेछ ।

**१०.बाधा अड्काउ फुकाउ** :यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

## दफा ४ उपदफा १ सँग सम्बन्धित

## कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ढाँचा

बन्दिपुर गाउँपालिका कृषि विकास शाखा अन्तर्गत आ.व ...............को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार बासको घर घर बनाउने कृषकहरुलाई प्लास्टिक टनेल अनुदान कार्यक्रम संचालन हुने हुँदा इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी तथा कृषि फर्महरुले प्रथ पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बन्दिपुर गाउँपालिका कृषि विकास शाखा वा सम्बन्धित वडामा कार्यालयमा कार्यालय समय भित्र आवेदन पेश गर्नको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन
२. नागरिकताको प्रमाण पत्र प्रतिलिपि
३. जग्गा धनि प्रमाण पत्र प्रतिलिपि
४. व्यावसाय दर्ताको  प्रमाण पत्रको प्रतिलिपि
५. वडाको सिफारिस
६. सहकारी तथा समुहले माग गरेको खण्डमा निर्णयको प्रतिलिपि र दर्ता प्रमाण पत्रको प्रतिलिपि

<u>अनुसूची २</u>

<u>दफा ४ उपदफा २ सँग सम्बन्धित</u>

<u>कार्यक्रमका लागि प्रस्ताव पेश गर्नेको लागि निवेदन ढाँचा</u>

मिति २०...../..../.... गते

प्रमुख प्रशासकीय अधिकृत ज्यू
बन्दिपुर गाउँपालिका
बन्दीपुर तनहुँ

विषय : कार्यक्रममा सहभगी गरिदिन हुन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस बन्दीपुर गाउँपालिका कृषि शाखामा आ.व ............. को लागि वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मिति................गतेका प्रकाशित सूचना अनुसार..........................कार्यक्रम संचालनका लागि म/हामीलाई पनि सहभागी गरिदिन हुन विनम्र अनुरोधका साथ आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु/गर्दछौ ।

<u>निवेदन</u>

कृषक समूह/सकारी/संस्थाको नाम :
निवेदक :
पद :
सम्पर्क नं. :
संस्थाको छापः

**अनुसूची ३**

**दफा ४ उपदफा ३ सँग**

| क्र.स. | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|
| १. | व्यवसायिक कृषक | २० |
| २. | सम्बन्धित विषय सँग दुई वर्ष देखि संलग्न हुदै आएको | १० |
| | विगत २ वर्ष देखी सोही प्रकारको अनुदान नलिएको | १० |
| ३. | विपन्न दलित तथा महिला | १० |
| ४. | व्यसायिक योजाना सहित आउने कृषक | २० |
| ५. | सडक सञ्जाल तथा बजार पहुजको अवस्था | १० |
| ६. | बैदेशिक रोजगार बाट फर्केका युवाहरू | २० |
| जम्मा | | १०० (कम्तिमा ४० अंक प्राप्त गर्ने कृषकहरु अनुदान तथा तालिमका लागि योग्य मानिनेछ ।) |

## अनुसूची ४
## दफा ४ को उपदफा ५ सँग सम्बन्धित
## कार्यक्रमका लागि छनौटमा पर्नेहरुका लागि सम्झौताको लागि सूचना ढाँचा

बन्दिपुर गाउँपालिका कृषि विकास शाखा अन्तर्गत आ.व ...............को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार बासको घर घर बनाउने कृषकहरुलाई प्लास्टिक टनेल अनुदान कार्यक्रमका संचालनका लागि मिति...................गते सूचना प्रकाशित भई पेश भएका प्रस्तावकहरु मध्ये तपसिलका कृषक/कृषक समूह/कृषि सहकारी तथा कृषि फर्महरु छनौटमा परेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बन्दिपुर गाउँपालिका कृषि विकास शाखामा सम्झौताका लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन
२. नागरिकताको प्रमाण पत्र प्रतिलिपि
३. व्यावसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि
४. वडाको सिफारिस
५. सहकारी तथा समुहले माग गरेको खण्डमा निर्णयको प्रतिलिपि र दर्ता प्रमाण पत्रको प्रतिलिपि

## अनुसूची ५

## दफा ४ उपदफा ५ सँग सम्बन्धित

(कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र)

बन्दिपुर गाउँपालिका कृषि विकास शाखा मार्फत संचालन गरिने आ.व ..............को वार्षिक स्वीकृत कार्यक्रम प्लास्टिक टनेल अनुदान कार्यक्रमका संचालनका.......................कार्यालय (यसभन्दा पछाडी पहिलो पक्ष भनिने) विशिस्टताका आधारमा छनौट भएका ...................... (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) बीच तपशिलका शर्तमानहरु गरि/गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

यो सम्झौता पत्र सम्झौता भएको मिति २०...../..../...... देखि प्रारम्भ भएको मानिने छ ।

१. यस सम्झौता बमोजिम पहिलो पक्षले सम्झौता पश्चात दोस्रो पक्षको अनुगमन गरि बाँसको घर बनाएको कृषकलाई मात्र अनुदानको सामग्री वितरण गरिने छ ।
२. दोस्रो पक्षले पहिलो पक्ष सँग सम्झौता गरेको मितिले १५ दिन भित्र ६× १२ मिटरको बाँसको घर बनाई सक्नु पर्ने छ ।
३. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनलाई पालना गर्नु पर्नेछ ।
४. यो सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्रकृति प्रकोप/भविष्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफै हुने छ ।
५. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न भए पछि हानी नोक्सानी भएमा सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
६. सामग्री बुझ्न आउदा दोस्रो पक्षले कम्तिमा २ वटा फोटो पनि पहिलो पक्षलाई उपलब्ध गराउनु पर्ने छ ।
७. सम्झौता बमोजिम कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुने छ ।

| पाहिलो पक्ष | कृषि विकाश शाखा | दोस्रो पक्ष |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पदः |
| दस्तखत : | दस्तखत : | दस्तखतः |
| कार्यालको छाप | | कार्यालको छाप |

# अनुसूची ६
## परिच्छेद ३ दफा ७ सँग सम्बन्धित
## कार्यक्रमका अनुगमनका लागि चेक लिस्ट

**बन्दीपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बन्दीपुर, तनहुँ**

बन्दीपुर गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बासको घर बनाउने कृषक लाई प्लास्टिक टनेल, ड्रम, पाइप अनुदान कार्यक्रमको अनुगमन फारम

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुदानग्राहिको नाम | | | | |
| | ठेगाना | | | | |
| | सम्पर्क नं. | | | | |
| | मिति | | | | |
| क्र.स. | प्रश्नावली/मापदण्ड | छ | छैन | परिमाण/अवस्था | कैफियत |
| १ | बासको घर | | | | |
| २ | व्यवसाय दर्ता | | | | |
| २.१ | भएको भए - नवीकरण | | | | |
| ३ | हाल तरकारी खेति | | | | |
| ४ | बजार पहुँच | | | | |

अनुगमनमा उपस्थित

१..............................

आज्ञाले
यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत
२०८१/०५/११